# उपभोक्ता समितिको विधान

प्रस्तावनाः

मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका वडा नं.............मा सङ्घीय सरकार/प्रदेश सरकार/राक्सिराङ्ग गाउँपालिका/अन्य संघसंस्थाबाट आ.व.२०७९/०८० मा ...................................................................... योजना निर्माण/मर्मत/संचालन गर्नको लागि बजेट विनियोजन गरिएकोमा उक्त बजेट कार्यान्वयन गर्नको लागि राक्सिराङ्ग गाउँपालिकाबाट जारी गरिएको रक्सिराङ्ग गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम संचालन कार्यविधि, २०७९ भएको ब्यवस्था बमोजिम उक्त योजना प्रभावकारी र पारदर्शी ढंगबाट संचालन गर्न आवश्यक देखिएको र उपभोक्ता समिति राक्सिराङ्ग गाउँपालिकामा दर्ता गर्न वान्छनीय भएकोले यो उपभोक्ता समितिको विधान गरी स्वीकृतिको लागि राक्सिराङ्ग गाउँपालिका समक्ष पेश गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १) संक्षिप्त नाम र प्रारम्भ

क) यस विधानको नाम "......................... उपभोक्ता समितिको गठन विधान, २०७९" रहने छ ।

ख) संस्थाको कार्यालय रहने ठेगना :- यस उपभोक्ता समितिको कार्यालय मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिका वडा नं. ..... मा रहनेछ ।

### २) परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

क) "विधान" भन्नाले "................ उपभोक्ता समिति", को विधान २०७९ लाइ सम्झनु पर्दछ ।

ख) "उपभोक्ता समिति" भन्नाले ............. उपभोक्ता समिति" लाई सम्झनु पर्दछ ।

ग) "कार्य समिति" .............. उपभोक्ता समिति अन्तर्गतको कार्य समिति भन्ने सम्झनु पर्दछ ।

घ) "कार्य समितिको सदस्य " भन्नाले यस विधान बमोजिम गठित कार्य समितिको पदाधिकारीहरुलाइ जनाउँदछ ।

ङ) "आर्थिक बर्ष" भन्नाले हरेक वर्षको श्रावण १ गते देखि असार मसान्तसम्मको अवधिलाई जनाउनेछ ।

च) "स्थानिय अधिकारी" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

छ) "स्थानिय तह" भन्नाले राक्सिराङ्ग गाउँपालिकालाई जनाउँदछ ।

ज) "शाखा" भन्नाले राक्सिराङ्ग गाउँपालिका अन्तर्गतको शाखा भन्ने सम्झनु पर्दछ ।

झ) "वडा कार्यालय" भन्नाले राक्सिराङ्ग गाउँपालिका भित्रका वडा कार्यालयहरु भन्ने सम्झनु पर्दछ ।

ञ) "वडा अध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिका भित्रका वडाका निर्वाचित वडा अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

ट) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ तथा कार्यविधि भन्नाले बार्षिक बजेट तथा कार्यक्रम संचालन कार्यविधि,२०७९ लाई जनाउँछ ।

## परिच्छेद-२
## उपभोक्ता समितिको स्थापना

**३) संस्थाको स्थापनाः**

क) यस विधानको प्रस्तावना अनुसारको कार्य गर्ने गरी ................. "उपभोक्ता समिति" नामक संस्थाको स्थापना गरिएको छ ।

ख) संस्थाको सबै काम कार्बाहीको निमित्त अनुसूचीः-२ बमोजिमको आफ्नो छुट्टै छाप र कार्यालय हुनेछ ।

ग) संस्था दर्ता गर्नका लागि आवश्यक कागजात अनुसूचीः-३ बमोजिम हुनेछ ।

ग) संस्था एक अविछिन्न उत्तराधिकारवाला, स्वशासित र सु-संगठित संस्था हुनेछ ।

घ) संस्थाले एउटा कृत्रिम ब्यक्ति सरह गर्ने सम्पूर्ण कार्य गर्न सक्नेछ ।

ङ) संस्था/उपभोक्ता समितिले कानून बमोजिम गर्न मिल्ने योजनासंग सम्बन्धित सबै कार्यहरु गर्न सक्नेछ ।

**४) संस्थाको कार्यालयः**

मकवापनुर जिल्ला राक्सिराङ्ग गाउँपालिका वडा नं................मा संस्थाको कार्यालय रहनेछ ।

## परिच्छेद-३
## उद्देश्य

**५) उपभोक्ता समितिको उद्देश्य यस प्रकार रहने छ ः**

क) योजना संचालनको कार्य दिगो र गुणस्तरयुक्त तरिकाले गर्ने ।

ख) योजना सञ्चालन गर्न स्थानीय श्रम, सिप तथा स्रोतको परिचालन गर्ने र गराउने ।

ग) योजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत परिचालन गर्न सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क राख्ने, सहयोग जुटाउने र आवश्यक सम्झौता गर्ने ।

घ) योजना सम्बन्धी आवश्यक सल्लाह प्रदान गर्ने र गर्न लगाउने ।

ङ) उल्लेखित उद्देश्यहरु पूरा गर्न आईपर्ने अन्य जुनसुकै काम गर्ने र गराउने ।

च) योजना निर्माण गर्नको लागि श्रोत नपुग भएमा आर्थिक संकलन गरी नियमित रुपमन योजनाको मर्मत संम्भार,निरिक्षण तथा अनुगमनको ब्यब्था मिलाउने ।

छ) योजना निर्माण तथा संचालनको कार्य गर्दा राक्सिराङ्ग गाउँपालिका तथा वडा कार्यालयसंग समन्वय गरी कार्य संचालन गर्ने ।

**६) उपभोक्ता समितिको सदस्यता कायम रहने ः**

क) योजना कार्यान्वयन हुने प्रभावित क्षेत्र भित्रबाट वडा कार्यालयका जनप्रतिनिधिको रोहवरमा गठित अध्यक्ष लगायतका अन्य सदस्यहरु उपभोक्ता समितिका सदस्य हुनेछन् ।

ख) उपभोक्ता समितिमा देहायका ब्यक्तिहरु सदस्य हुन सक्ने छैनन् ।

1) नेपाली नागरिकता नलिएको व्यक्ति

2) मानसिक सन्तुलन ठिक नभएको ब्यक्ति ।
3) कुनै अर्को उपभोक्ता समितिमा रहेर कार्य गरिरहेका ब्यक्ति ।
4) योजना प्रभावित क्षेत्र भन्दा बाहिरको ब्यक्ति ।
5) सरकारी सम्पत्ति हिनामिना गरी अभियोग लागेको ब्यक्ति ।
6) कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएको ब्यक्ति ।

**७) सदस्यता शुल्क :**

क) उपभोक्ता समितिमा रहने ब्यक्तिलाई सदस्यता शुल्क लाग्ने छैन ।

**८) सदस्यता कायम नरहने :**

देहायको अबस्थामा उपभोक्ता समितिको सदस्यता कायम रहने छैन

१) ऐन कानून विपरित कार्य गरेको पाइएमा ।

२) उपभोक्ता समितिको निर्णयलाई अटेर गरी पालना गरेमा तथा योजना निर्माणमा अवरोध सिर्जना गरेमा ।

३) उपभोक्ता समितिको कुनैपनि सदस्यले आफ्नो स्वइच्छाले सदस्यता खारिज गरि पाउँ भनि राजीनामा दिएमा ।

४) कुनै निर्माण ब्यवसायी फर्ममा कार्यरत ब्यक्ति तथा सरकारी,संस्थामा कार्यरत ब्यक्ती सदस्य रहन नपाइने ।

**९) उपभोक्ता समितिको गठन, बैठक तथा कार्यविधि :**

क) उपभोक्ता समितिमा कम्तिमा ७ जना र आवश्यकता अनुसार सो भन्दा बढी सदस्य रहन सक्नेछन् ।

ख) उपभोक्ता समिति गठन गर्दा वडा कार्यालयको निर्वाचित जन प्रतिनिधिको रोहवरमा गठन गर्नुपर्नेछ ।

ग) उपभोक्ता समिति गठन गर्दा समावेशिताको सिद्धान्त अबलम्बन गर्नुपर्नेछ र उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना महिलाको अनिवार्य सहभागिता सहित कम्तिमा ३३% महिला सहभागिता हुनुपर्नेछ ।

घ) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

ङ) कम्तिमा कुल सदस्य संख्याको उकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको संख्या गणपुरक भएको मानिने छ ।

च) यस कार्यविधिमा अन्य ब्यबस्था भएकोमा बाहेक बैठकको सामान्य बहुमतको आधार निर्णय

छ) उपभोक्ता समितिले आफ्नो कार्यविधि आफै बनाई लागु गर्न सक्नेछ ।

**१०) उपभोक्ता समितिको गठन, बैठक तथा कार्यविधि :**

क) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

**११) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः**

क) उपभोक्ता समितिको बैठकले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

ख) संस्थाको आर्थिक तथा प्रगति प्रतिबेदन तयार गरि सम्बन्धित निकायमा पेश गर्ने ।

ग) उपभोक्ता समितिबाट संचालन गरिने चल अचल सम्पत्तिको रेखदेख, संरक्षण, मर्मत संभार गर्ने ।

घ) यस विधानमा ब्यवस्था भए बाहेक संस्थाको उद्देश्य पुरा गर्न आइपर्ने सम्पूर्ण काम पर्ने ।

**१२) उपभोक्ता समितिका पदाधिकारीहरुको  काम, कर्तव्य र अधिकारः**

**अध्यक्ष :**

क) उपभोक्ता समितिको बैठक बोलाउने

ख) उपभोक्ता समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा समितिको तर्फबाट प्रतिनिधित्व गर्ने ।

घ) आवश्यकता अनुसार उपभोक्ता समितिको तर्फबाट संघ/संस्था, सरकारी वा गैर सरकारी निकायसंग सम्झौता गर्ने ।

ङ) समितिको बैठकमा मत विभाजन गर्दा मत बराबर हुन आएमा निर्णायक मत दिने ।

च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने तथा आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने ।

छ) संस्थाको काम कारवाही सुपरिवेक्षण गर्ने ।

ज) बिधान अनुसार सम्पुर्ण काम गर्ने गराउने ।

**उपाध्यक्षः**

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्दै आएको कार्य गर्ने ।

**सचिवः**

क) अध्यक्षको निर्देशन अनुरुप उपभोक्ता समितिको बैठक बोलाउने ।

ख) बैठकमा योजना र प्रतिवेदन पेश गर्ने निर्णय अभिलेख राख्ने ।

ग) पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

घ) कार्यादल सञ्चालन गर्ने ।

**कोषाध्यक्षः**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख) साधारणसभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) समितिको लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा वार्षिक लेखापरिक्षण गराउने ।

**सदस्यको काम, कर्तब्य र अधिकार :**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

## परिच्छेद-४

## आर्थिक ब्यवस्था

**आर्थिक श्रोतः**

यस विधान बमोजिम संस्थालाई प्राप्त हुने सबै चल अचल सम्पत्तिको प्राप्ती, भोग, खरिद, बिक्रि गर्न सक्नेछ तर यस प्रकारको बिक्रि गर्नु अगाडी स्थानीय सरकारसँग परामर्श गर्नुपर्नेछ ।

**कोषः**

१) उपभोक्ता समितिको नाममा एक छुट्टै कोष हुनेछ जसमा देहायको रकम जम्मा हुनेछ ।

क) कुनै योजना संचालन बापतको रकम ।

ख) कसैले स्वेच्छाले दिएको साहयता तथा अनुदान बापतको रकम ।

ग) संस्थाको चल अचल सम्पत्ति बिक्रिबाट प्राप्त रकमहरु ।

घ) विदेशी संस्था,ब्यक्ति वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग ।

ङ) स्थानीय सरकार/प्रदेश सरकार/ संघीय सरकार लगायत विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग ।

२) समितिको बैङ्क खाता समितिले तोकेको अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखत सञ्चालन गरिनेछ ।त्यसमा संस्थाको छाप लगाउनु पर्नेछ ।

**उपभोक्ता समितिको लेखापरीक्षण तथा सार्वजनिक परिक्षणः**

क) समितिको आय-ब्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

ख) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ ।

ग) राक्सिराङ्ग गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, आर्थिक प्रशासन शाखा वा योजनासँग सम्बन्धि नियमनकारी निकायले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाबकिताब जाँच गर्न सकिनेछ ।

घ) उपभोक्ता समितिले समितिबाट संचालन भएको योजना सम्पन्न भए पश्चात जन प्रतिनिधि एवं सराकारवाला ब्यक्तिहरुको रोहवरमा सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई समेत गर्नुपर्नेछ ।

**संस्थाको विगठनः**

कुनै पनि योजनाको कार्य सम्पन्न भै सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ । तर उपभोक्ता समितिबाट संचालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरी प्रति सम्बन्धित उपभोक्ता समितिको जबाफदेहिता

**आर्थिक वर्षः**

आर्थिक बर्ष श्रावण १ गते बाट प्रारम्भ भइ अषाढ मसान्त समाप्त हुनेछ ।

हामी ................................. उपभोक्ता समितिका सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा बिधानमा सहिछाप गर्दछौं ।

| सि.नं. | पद | पदाधिकारीको नाम | हस्तक्षर | साक्षीको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | कोषध्यक्ष | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

# <u>अनुसूची-१</u>

................ उपभोक्ता समिति अन्तर्गत रहेका उपभोक्ताहरुको नामावलीः

| सि.नं. | उपभोक्ताको नाम थर | ठेगाना/टोल | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची-२

कार्यालय रहने स्थानः-

### कार्यालयको छाप

## अनुसूची-३

## उपभोक्ता समिति दर्ता गर्न आवश्यक पर्ने कागजपत्रहरु

१) उपभोक्ता समिति गठन गर्दाको भेलाको माइन्युट

२) उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको फोटोकपि

३) उपभोक्ता समिति गठन गर्दाको भेलाको फोटो

४) सञ्चालक समिति र अनुगमन समितिमा रहेका पदाधिकारीहरु नाम,ठेगना तथा सम्पर्क नं.

५) बैङ्क खाता सञ्चानलन गर्ने पदाधिकारीहरु

६) उपभोक्ता समितिको छाप

७) वडाको सिफारिस